नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट मिति २०८३/०७/२० देखि २०८३/०७/२३ गते सम्म सम्पन्न अनुगमन निरिक्षण विवरण

क्र.सं.	खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना	निरीक्षण अनुगमन सम्बन्धी विवरण	निर्देशन/कारबाही / कैफियत
१.	रेयांश स्विट एण्ड चाट हाउस, बुढानिलकण्ठ-७, काठमाडौं	• सोकेशमा राखेका मिठाईहरुमा लेबल नराखेको • उत्पादन स्थलमा हाइड्रो तथा सिन्थेटिक रंगको प्रयोग भएको • छापिएको पत्र पत्रिकामा प्याक गरी खानेकुरा बिक्रि वितरण गरेको • लेबल तथा बिल नभएका मिल्क केक, डोटा बर्फी, सोन पापड़ी भेटिएको • सरसफाई सन्तोषजनक नरहेको।	• विभागले मिठाई पसलहरुलाई लेबल सम्बन्धि सुचना जारि गरे बमोजिम कार्यन्वयन गर्न निर्देशन गरेको • उत्पादन स्थलमा भेटिएका हाइड्रो तथा सिन्थेटिक रंग नष्ट गरेको • लेबल तथा बिल नभएका ३ डिब्बा मिल्क केक,२ डिब्बा डोटा बर्फी र १ डिब्बा सोन पापड़ी अनुसन्धानका लागि नियन्त्रणमा लिइएको • सरसफाईमा ध्यान दिन निर्देशन गरेको।
२	न्यू इन्द्र दुग्ध पदार्थ बिक्रि वितरण, टोखा न. पा. वार्ड नं ९	• सोकेशमा राखेका मिठाईहरुमा लेबल नराखेको।	• विभागले मिठाई पसलहरुलाई लेबल सम्बन्धि सुचना जारि गरे बमोजिम कार्यन्वयन गर्न निर्देशन गरेको
३.	जय अम्बे स्विट् एण्ड फास्ट फुड, टोखा न. पा -९	• सोकेशमा राखेका मिठाईहरुमा लेबल नराखेको • सिधा सम्पर्कमा आउने गरी खानेकुरालाई पत्रिकामा पोको पारी बिक्रि गरेको • पत्रिकामा राखिएको जेरी भेटिएको • किट नियन्त्रणको व्यवस्था सन्तोषजनक नरहेको।	• विभागले मिठाई पसलहरुलाई लेबल सम्बन्धि सुचना जारि गरे बमोजिम कार्यन्वयन गर्न निर्देशन गरेको • खानेकुरा प्याक गर्न प्रयोग गरेको अन्दाजी ४ के. जी. मसियुक्त प्याकेट नष्ट गरेको • पत्रिकामा राखिएको अन्दाजी ७ के.जी. जेरी नष्ट गरेको

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

			• किट नियन्त्रणको उचित/प्रभावकारी व्यवस्था गर्न निर्देशन गरेको।
४.	काभ्रेपलान्चोक दुध खरिद बिक्रि केन्द्र, टोखा- ११	• सोकेशमा राखेका मिठाईहरुमा लेबल नराखेको • लेबल नभएका तथा आनाधिकृत व्यक्तिबाट खरिद गरिएको अन्दाजी ५के जी मिठाई पेडा भेटिएको।	• विभागले मिठाई पसलहरुलाई लेबल सम्बन्धि सुचना जारि गरे बमोजिम कार्यन्वयन गर्न निर्देशन गरेको • लेबल नभएका मिठाई नष्ट गरेको।
५.	मोहन स्विट्स, ललितपुर -३ पुल्चोक	• सिन्थेटिक खाद्य रंग प्रयोग गरी पकाएका मिठाइ पाइएको • सोकेशमा राखेका मिठाईहरुमा लेबल नराखेको • छापिएको पत्रिकामा मिठाई राखिएको।	• उत्पादन स्थलको झ्यालमा जाली लगाउन निर्देशन गरेको • मिठाईहरु छोपेर राख्न र लेबल सहित राख्न निर्देशन गरेको • पुजाको लागि मात्र उल्लेख गरी रंग रखिएका खानेकुरा अलगै राख्ने निर्देशन गरेको • कागजमा राखिएको ४ के.जी. लाखामारी नष्ट गरेको।
६.	केशर स्विट्स, ललितपुर -१९ कुमरिपाटी	• मिति २०८३/०७/१४ मा विभागबाट गरिएको निर्देशन पालना भएको • झ्यालमा जाली लगाइएको, डष्टबिनमा ढक्कन राखिएको।	• खाद्य स्वच्छतालाई निरन्तरता दिन निर्देशन गरेको।
७.	लड्डु गोपाल फुड्स प्रा. लि शाखा काठमाडौं -१४, कुलेश्वोर	• बिक्रिका लागि राखिएका उत्पादित मिठाईमा लेबल लगाइएका तर पुरा लेबल नदेखिएको।	• पुर्ण लेबल विवरण उल्लेख गरी विक्रि वितरण गर्न निर्देशन गरेको • सरसफाइमा निरन्तरता दिन निर्देशन गरेको।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

८.	लक्ष्मी स्विट्स, काठमाडौं -१४, कुलेश्वोर, काठमाडौं	• मिठाइको कारखाना पुर्वपट्टी जाली लगाउनुपर्ने • सिन्थेटिक खाद्य रंगको प्रयोग गरिएको • मिठाई लगायतको खाद्य पदार्थमा छापिएको कागज प्रयोग भएको • किचनमा केहि भाग खुल्ला रहेको • सरसफाइमा कमी देखिएको।	• मिठाइको कारखानाको पूर्व पट्टी रहेको बाँकी खुल्ला जग्गामा जालीको व्यवस्था गर्ने निर्देशन गरेको • सिन्थेटिक खाद्य रंगको प्रयोग गर्दा नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गर्न निर्देशन गरेको • कागजको प्रयोग देखिएकोले सो हटाएको र पुन प्रयोग नगर्न निर्देशन गरेको।
९.	आकाश फुडस (शाखा), किर्तिपुर -१० नयाँ बजार, काठमाडौं	• मिठाईहरु सोकेशमा लेबल सहित राखिएको।	• खाद्य स्वच्छतालाई निरन्तरता दिन निर्देशन गरेको।
१०	पूजा स्विट सप, किर्तिपुर-६, पाँगा काठमाडौं	• उत्पादित मिठाईलाई सोकेसमा नराखी र नछोपी खुल्ला राखेको • मिठाईमा लेबल नराखिएको • किचेन खुल्ला देखिएको। • मसिले छापिएको कागजमा मिठाई राखिएको।	• सम्पूर्ण मिठाईलाई छोपेर राख्ने व्यवस्था गर्ने निर्देशन गरेको • उत्पादित मिठाईमा अनिवार्य लेबल राखी बिक्रि वितरण गर्न निर्देशन गरेको। • सिन्थेटिक खाद्य रंगको प्रयोग गरिएको (अत्यधिक) अन्दाजी ५ के. जी. मिठाई नष्ट गरेको • पत्रिकामा राखिएको मिठाई हटाइएको।
११	वैष्नोदेवी स्विटस एण्ड चाट हाउस, गोकर्णश्वोर न. पा-५, काठमाडौं	• बिभागले जारी गरेको मिठाईको लेबल सम्बन्धि सूचना कार्यन्वयन नगरेको।	• सोकेसमा मिठाईहरु लेबल गरी राख्न निर्देशन गरेको • खाद्य स्वचछता कायम राख्न निर्देशन गरेको।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

१२	सापकोटा मिठाई पसल, जोरपाटी -५, काठमाडौं	• बिभागले जारी गरेको मिठाईको लेबल सम्बन्धि सूचना कार्यन्वयन नगरेको • पत्रिका तथा मसि जन्य कागजमा खाद्य पदार्थ प्याक गरी बिक्रि गरेको।	• सोकेसमा मिठाईहरु लेबल गरी राख्न निर्देशन गरेको • खाद्य स्वचछता कायम राख्न निर्देशन गरेको • पत्रपत्रिकामा खाद्य पदार्थ प्याक नगर्न निर्देशन गरेको।
१३	चामुण्डा मिठाई, जोरपाटी-५ काठमाडौं	• पत्रिकामा पोको परेको २६ के. जी. खजुरी स्टोरमा भण्डारण गरेको पाइएको • बिभागले जारी गरेको मिठाईको लेबल सम्बन्धि सूचना कार्यन्वयन नगरेको • सरसफाईमा कमी रहेको।	• कैफियत देखिएको २६ के. जी. खजुरी नष्ट गरेको • पत्रपत्रिकामा खाद्य पदार्थ प्याक नगर्न निर्देशन गरेको • सोकेसमा मिठाईहरु लेबल गरी राख्न निर्देशन गरेको • सरसफाइमा ध्यान दिन निर्देशन गरेको।
१४	जय काली खाजा घर, काठमाडौं-२९	• सोकेसमा मिठाईको लेबल नलगाई राखिएको • सरसफाई सन्तोषजनक रहेको।	• विभागले मिठाई पसलहरुलाई लेबल सम्बन्धि सुचना जारि गरे बमोजिम कार्यन्वयन गर्न निर्देशन गरेको • खाद्य स्वचछता कायम राख्न निर्देशन गरेको।
१५.	जय मा लक्ष्मी मसला पसल, ललितपुर-१६	• लेवल विवरण नभएका dry fruits बिक्रि वितरण गरेको • म्याद नाघेको १० प्याकेट मसला पाईएको।	• लेवल विवरण नभएका खाद्य पदार्थ खरिद नगर्न निर्देशन गरेको • म्याद नाघेका मसला नष्ट गरेको • उपभोक्ता संरक्षण ऐन ,२०७५ को ३८ को खण्ड “घ” बमोजिम ५०००।- जरिवाना गरेको।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

१६.	बाफल विनायक स्टोर, ललितपुर-बाफल ,१७	• खाद्य अनुमति पत्र नलिई दाल जन्य पदार्थ प्याक गरी बिक्रि वितरण गरेको।	• अनुमति नलिई खाद्य पदार्थ प्याकेजिंग गरी बिक्रि बितरण नगर्न निर्देशन गरेको • पूर्ण लेवल विवरण नभएका खाद्य पदार्थ खरिद बिक्रि नगर्न निर्देशन गरेको • म्याद नाघेका खाद्य पदार्थलाई अलग भण्डारण गर्न निर्देशन गरेको • लेवल विवरणमा उल्लेख भए बमिजिम तापक्रम, आद्रतामा भण्डारण गर्न्र निर्देशन गरेको • उपभोक्ता संरक्षण ऐन ,२०७५ को ३८ खण्ड "घ" बमोजिम रु.२०,०००/- जरिवाना गरेको।
१७	अन्नपूर्ण खाद्य उद्योग ,महालक्ष्मी - ८	• सरसफाई सामान्य रहेको।	• खाद्य पदार्थको उत्पादन गर्दा संक्रमण नहुने गरी गर्न उद्योगमा काम गर्ने कामदारहरुले गहना, नेल पोलिस नलगाउन तथा सरसफाईमा बिशेष ध्यान दिन निर्देशन । • उद्योगमा काम नलाग्ने तथा प्रयोग नहुने सामग्री हटाउने • लेवल बिवरण नभएका कच्चा पदार्थ खरिद नगर्न निर्देशन गरेको।
१८	चन्डेश्वरी मिनेरल वाटर एन्ड वेभरेज प्रा.लि दक्षिणकाली न,पा- ०१ काठमाडौं	• उद्योगको सरसफाईको अवस्था संतोषजनक रहेको • अनुगमन निरिक्षण गर्दा उद्योग संचालनमा नआएको • उद्योगमा U.V पछि पुन फिल्टर गर्ने गरेको पाइयो साथै मर्मत गर्दै गरेको अवस्था पाइएको • कुच्चिएको, टुटे फुटेका जार पाईएको।	• कुच्चिएका, टुटे फुटेका १३ थान पानीका जार नष्ठ गरिएको • खाद्य स्वच्छता कायम गर्न निर्देशन गरेको।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

१९	सलम्भु फुड एंड वेभरेज प्रा.लि शंखरपुर न ०६ -पा . काठमाडौं	• सरसफाई सामान्य रहेको • उद्योगमा प्रयोगशाला व्यवस्थापन नरहेको • उद्योगमा पानी प्रशोधन नभएको र पानी भण्डारण गरेको अवस्था पाइयो।	• खाद्य स्वच्छता कायम गर्न निर्देशन गरेको • ऐन बमोजिम प्रशोधित पानी बोटलको नमुना संकलन गरेको ।
२१	दुध सागर मिठाई सप, शाखा कार्यालय , काठमाडौं-३३, कमलपोखरी, काठमाडौं	• पसलमा फास्ट फुड मात्र बनाउने गरेको, Sweets हरु कुपन्डोलवाट ल्याउने गरेको • पुरा लेवल विवरण नरहेको घिउ बिक्रीको लागि रखिएको • किचन अव्यवस्थित, फोहोर तथा ट्वाइलेट किचन संग जोडिएको ।	• दुध सागर वाट उत्पादित सोन पापडी र फुरनदानामा अनुमति पत्र नदेखिएकोले अनुमति पत्र लिनु पर्ने निर्देशन गरेको • किचनलाई एक महिना भित्र सुधार गरि सो को जानकारी विभागमा गराउने निर्देशन गरेको।
२२	Tip Top Sweets Pvt. Ltd., Kathmandu -1, Kathmandu	• सितापाइला काठमाडौंमा कारखाना रहेको • पसलका सहयोगीहरुले मास्क, पन्जा, हेडनेट लगायत प्रयोग गरेको नपाइएको • बिक्रीका लागि राखिएका सबै मिठाइमा लेवल राखेको नपाइएको ।	• पसलका सबै सहयोगी हरुलाई(कर्मचारी हरुलाई) हेड नेट,मास्क,पन्जाको प्रयोग गर्न लगाइएको • बिक्रीका लागि राखिएको सबै मिठाईमा नेपाल सरकाले तोके बमोजिमको लेवल लगाई बिक्रीवितरण गर्न निर्देशन गरेको।
२३	राजधानी स्विट्स एण्ड रेष्टुरेन्ट, काठमाडौं-५, कालोपुल, काठमाडौं	• पसलमा बिक्रीका लागी राखिएको मिठाईहरु छोपेर, लेवल सहित राखेको नपाइएको • किचन फोहोर देखिएको ।	• उत्पादित मिठाईमा नेपाल सरकारले तोके बमोजिमको लेवल राखी बिक्री वितरण गर्ने निर्देशन गरेको • भाडा धुने ठाउ, किचनको भुइँ , सिलिङ्ग, किचन व्यवस्थित गर्ने र एक महिना भित्र सो सुधार गरि विभागमा जानकारी गराउने निर्देशन गरेको।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

२४	श्री जी स्विट्स, काठमाडौं-३१, पुरानो वानेश्वर,काठमाडौं	• किचनको झ्यालमा जालीको व्यवस्था नरहेको, बत्तिको व्यवस्था प्रयाप्त नरहेको, तयार गरिएको लालमोहन टेवलमा नराखी भुइमा रखिएको, सरसफाइमा कमि रहेको • बिक्रीका लागि राखिएको मिठाईमा नेपाल सरकारले तोके बमोजिमको लेवल राखेको नपाइएको • मिठाईमा अत्यधिक रंग प्रयोग गरेको पाइएको	• उत्पादित मिठाइ लाइ छोपेर डिस्प्लेमा लेवल सहित बिक्रीका लागि राख्ने निर्देशन गरेको • सरसफाईलाई ध्यान दिने निर्देशन गरेको • मिठाइमा मापदण्ड अनुसारको खाद्य रंगको प्रयोग गर्ने निर्देशन गरेको • किचन सुधार गरि एक महिना भित्र सुधार गरेको विवरण विभागमा पेश गर्ने निर्देशन गरेको।
२५	पुजा मिष्ठान्न भण्डार, काठमाडौं-१४, कलंकी	• सरसफाई सन्तोषजनक नपाइएको, किट नियन्त्रणको व्यवस्था सन्तोषजनक नपाइएको • सोकेसमा भण्डारण गरिएको मिठाईहरुमा लेबल विवरण उल्लेख नभएको।	• विभागवाट निर्देशित मिठाइहरुमा उल्लेख गर्नुपर्ने सम्पुर्ण लेबल विवरणहरु उल्लेख गर्ने निर्देशन गरेको • खाद्य स्वच्छता कायम गरी विक्रि वितरण गर्ने निर्देशन गरेको।
२६	लड्डु गोपाल फूड्स प्रा.लि., का.म.न.पा., १४	• सरसफाई सामान्य रहेको, • किट नियन्त्रणको व्यवस्था सामान्य रहेको, विभागवाट निर्देश भए बमोजिमका लेबल विवरणहरु उल्लेख गरी सोकेशमा आंशिक रुपमा राखिएको।	• विभागवाट निर्देशित मिठाइहरुमा उल्लेख गर्नुपर्ने सम्पुर्ण विवरणहरु उल्लेख गर्ने निर्देशन गरेको • खाद्य स्वच्छता कायम गरी विक्रि वितरण गर्ने निर्देशन गरेको।
२७	स्वीट केभ , का.मा.न.पा.-१३, कालिमाटी	• सरसफाई सामान्य रहेको • किट नियन्त्रणको सामान्य रहेको , विभागबाट निर्देशा भए बमोजिमका लेबल विवरणहरु उल्लेख गरी सोकेशमा नराखिएको ।	• विभागबाट निर्देश भए बमोजिमका विवरणहरु उल्लेख गरी सोकेशमा राख्ने निर्देशन गरेको • खाद्य स्वच्छता कायम राख्न निर्देशन गरेको • सरसफाई, व्यक्तिगत सरसफाई, खाद्य रंगको समुचित प्रयोग, तथा किट नियन्त्रणको प्रभावकारी व्यबस्था हुन निर्देशन गरेको।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

२८	टिपटप स्विट्स प्रा. लि., का.मा.न.पा.-१४, कालिमाटी	• सरसफाई सन्तोषजनक रहेको, विभागबाट निर्देश भए बमोजिमका विवरणहरु उल्लेख गरी सोकेशमा राखिएको, किट नियन्त्रणको व्यबस्था सामान्य रहेको ।	• विभागवाट निर्देशित मिठाइहरुमा उल्लेख गर्नुपर्ने सम्पुर्ण विवरणहरु नियमित उल्लेख गर्न निर्देशन गरेको • खाद्य स्वच्छता कायम गरी विक्रि वितरण गर्न निर्देशन गरेको।
२९	सिद्धार्थ किराना स्टोर , काठमाडौं मा.न.पा.-१३, कालिमाटी	• सरसफाई सामान्य रहेको • केहि लेबल बिनाका ड्राई खाद्य पदार्थ बिक्री वितरण भएको।	• अनुमति लिएका उद्योग बाट उत्पादित खाद्य पदार्थमात्र खरिद बिक्रि गर्न निर्देशन गरेको • खाद्य स्वच्छता कायम राख्ने निर्देशन गरेको।
३०	सैनी ट्रेडर्स, काठमाडौं मा.न.पा.-१३, कालिमाटी	• सरसफाई सामान्य रहेको • केहि लेबल बिनाका ड्राई खाद्य पदार्थ बिक्री वितरण भएको	• अनुमति लिएका उद्योग बाट उत्पादित खाद्य पदार्थमात्र खरिद बिक्रि गर्ने निर्देशन गरेको • खाद्य स्वच्छता कायम राख्ने निर्देशन गरेको।

प्रशान्त पोखरेल
प्रवक्ता
२०८३।०८।०३